nagariknews.com
Thursday 13 June 2019, बिहीबार ३० जेठ २०७६

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, खोटाङ

खोटेहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, खोटाङ

केपिलासगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, खोटाङ

# आशयपत्र माग सम्बन्धमा (Expression of Interest)

**प्रकाशित मितिः-** २०७६/०२/३० गते

नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकार बीच भएको सम्झौता अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत यस खोटाङ जिल्लामा सुरक्षित वैदेशिक रोजगार सम्बन्धि आप्रवासी श्रोत केन्द्र (सूचना केन्द्र) सञ्चालन गर्ने तथा दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, खोटेहाङ गाउँपालिका र केपिलासगढी गाउँपालिकामा समुदाय सचेतीकरणका कार्यक्रमहरु, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता सम्वन्धी कार्यक्रमहरु सञ्चालनमा सहयोग पुऱ्याउनका लागि सञ्चालन हुन गईरहेको सुरक्षित आप्रवासन कार्यक्रम (Safer Migration Program) का लागि आवश्यक परामर्श सेवा उपलब्ध गराउन ईच्छुक नेपालको प्रचलित नियमानुसार यस जिल्लामा दर्ता भएका देहायका योग्यता पुगेका संघ, संस्था एवं कम्पनिहरुबाट उक्त सेवा उपलब्ध गराउने सम्बन्धी आशयपत्र (Expression of Interest) आह्वान गरिएको छ । योग्यता पुगेका इच्छुक संस्थाहरुले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन २०७६/०३/१२ गते भित्रमा (अन्तिम दिन विदा पर्न गएमा त्यसको भोलीपल्ट) कार्यालय समयमा निम्न स्थानमा रहेको सम्बन्धित नगर तथा गाउँ कार्यपालिकाको कार्यालयहरुमा आईपुग्ने गरी निर्धारित ढाँचामा आशयपत्र पेश गर्न सकिनेछ । आशयपत्रको ढाँचा, सुचीकरणको आधार एवं अन्य थप आवश्यक कुराहरु यस दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, खोटेहाङ गाउँपालिका र केपिलासगढी गाउँपालिकाको वेभ साईट www.rupakotmajhuwagadhimun.gov.np, www.khotehangmun.gov.np, www.kepilasgadhimun.gov.np मा राखिएको छ ।

(१) आशयपत्र दाताको योग्यता :
 क) अनुभवः कम्तिमा पाँच वर्ष अगाडी दर्ता भई कार्यक्रम सञ्चालन गरेको ।
 ख) प्रस्तावित कार्यसँग मिल्ने कार्यको अनुभव भएकोलाई प्राथमिकता दिइनेछ ।

(२) प्रस्तावित कार्य सम्पन्न गर्न लाग्ने अनुमानित समय : कम्तिमा तीन वर्ष परामर्श सेवा प्रदान गर्नुपर्नेछ ।

(३) संक्षिप्त सूचीमा परेका फर्म, संस्था वा कम्पनीबाट मात्र परामर्श सेवा खरिद सम्बन्धी प्रस्ताव माग गरिनेछ ।

(४) आशयपत्र दाताले आशयपत्र साथ आशयपत्रको नमुनामा उल्लेख भए बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

(५) आशयपत्र पेश गर्ने स्थानः दिक्तेल रुपाकोट मझुवागढी नगर कार्यपालिकाको कार्यालय, दिक्तेल, खोटेहाङ गाउँ कार्यपालिकाको कार्यालय, खोटाङ बजार र केपिलासगढी गाउँ कार्यपालिकाको कार्यालय, बाक्सिला ।

(६) आशयपत्र तयार गर्ने निर्देशन आशयपत्रको ढाँचामा नै समावेश गरिएको छ । उक्त निर्देशन पालना नभएको आशयपत्र उपर कारवाहि गरिने छैन ।

(७) सुरक्षित आप्रवासन सम्बन्धी सम्पूर्ण परामर्श सेवा एउटै परामर्शदाताबाट दिनु पर्नेछ ।

(८) यो सेवा प्रदान गर्नको लागि कुनै पनि व्यक्ति वा संस्थासंग उप सम्झौता (sub contract) गर्न पाईने छैन । तर रेडियो मार्फत प्रसारण हुने रेडियो जिङ्गल प्रसारण तथा आप्रवासी कामदार हकहित सञ्जालसंग उप सम्झौता गर्न यो बुदाँले बाधा पुऱ्याउने छैन ।

**आवश्यक थप जानकारीका लागि सम्पर्क गर्ने ठेगाना र सम्पर्क व्यक्तिः**

ढुण्डिराज पाण्डे, दिक्तेल रुपाकोट मझुवागढी नगर कार्यपालिकाको कार्यालय, दिक्तेल, इमेलः rupakotmun@gmail.com, राजकुमार राई, खोटेहाङ गाउँ कार्यपालिकाको कार्यालय, खोटाङबजार, इमेलः khotehangmun@gmail.com, सौधन राई, केपिलासगढी गाउँ कार्यपालिकाको कार्यालय, बाक्सिला, इमेलः kepilasgadhirmkhotang@gmail.com